**मोम विश्वकर्मा । सन् २०१९ । *पोलिटिकल ट्रान्सफर्मेशन इन नेपाल : दलित इनइक्वालिटी एण्ड सोसल जस्टिस* । लण्डन : रुटलेज ।**

*पोलिटिकल ट्रान्सफर्मेशन इन नेपाल : दलित इनइक्वालिटी एण्ड सोसल जस्टिस* मोम विश्वकर्माले सन् २०१८ मा सिड्नी विश्वविद्यालयका लागि पेश गरेको विद्यावारिधि शोधमा आधारित पुस्तक हो । यो पुस्तक नेपालमा विद्यमान जातीय विभेदका कारण दलित समुदायमा परेको असर र पछिल्लो राजनीतिक परिवर्तनले उनीहरूको अवस्थामा आएको परिवर्तन बीचको अन्तरसम्बन्धमा केन्द्रित छ । पुस्तकले दलित समुदायको संघर्ष र अधिकारलाई पहिचानको राजनीतिसँग जोड्नका लागि सम्बन्ध सेतुहरूको खोजी समेत गर्दछ ।

पुस्तक छ परिच्छेदमा विभाजित छ । पहिलो परिच्छेदमा लेखकले भारतीय उपमहाद्वीपमा जात व्यवस्था र छुवाछूतको उत्पत्ति, नेपालमा दलित समुदायमाथि अन्याय र त्यस विरुद्धको संघर्ष, नेपालमा राजनीतिक परिवर्तनको इतिहास, दलित लक्षित कानूनी सुधारहरू र अनुसन्धानको खाका, अनुसन्धान विधि र अनुसन्धानका सीमाबारे प्रकाश पारेका छन् ।

दोस्रो परिच्छेदमा अनुसन्धानको सैद्धान्तिक पक्षबारे चर्चा गरेका छन् । यो परिच्छेदमा न्याय सम्बन्धी उदारवादी शास्त्रीय अवधारणाले जोड दिंदै आएको समान अवसर र व्यक्तिगत स्वतन्त्रतालाई संरचनागत विभेदको सन्दर्भमा हेर्ने प्रयास गरिएको छ । लेखकले नान्सी

फ्रेजर (सन् २००३) को "समकालीन सामाजिक न्यायका लागि पुनर्वितरण र पहिचानको सिद्धान्त" र आइरिस योङ (सन् १९९०) को "पृथकताको राजनीतिक सिद्धान्त" का आधारमा नेपालमा दलित समुदायमाथि भइरहेको संरचनागत विभेदको चिरफार गरेका छन् । दलित समुदायको सामूहिक अधिकार र पहिचानको राजनीतिमाथि जोड दिँदै संरचनागत विभेदलाई सम्बोधन गर्नका लागि सीमान्तीकृत समुदायको विशेष राजनीतिक प्रतिनिधित्व र आरक्षण लगायतका नीतिगत पहलहरू आवश्यक हुने ठहर लेखकले गरेका छन् । संरचनागत विभेदको अन्त्यका लागि व्यक्तिगत स्वतन्त्रता मात्र पर्याप्त नभएकाले सीमान्तीकृत समुदायहरूले सामूहिक पृथकताको राजनीति मार्फत अधिकार प्राप्त गर्नेतर्फ जोड दिनुपर्ने यो परिच्छेदको निष्कर्ष छ ।

तेस्रो परिच्छेद दलित समुदायले भोग्दै आएको संरचनात्मक असमानताका विविध आयाममा केन्द्रित छ । यो परिच्छेदले जातीय विभेद र छुवाछूतका कारण दलित समुदाय आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक क्षेत्रमा कसरी बहिष्करणमा परिरहेका छन् भन्ने तथ्यलाई प्रस्तुत गरेको छ । र, दलित समुदायले निजी तथा सार्वजनिक रूपमा भोग्दै आएका विभिन्न विभेद र उनीहरूमाथि लादिएको हरुवा, चरुवा, बालीघरे लगायतका बँधुवा श्रमबारे पनि यसमा छलफल गरिएको छ । दलित समुदायको असमान अवस्थाले नै उनीहरूको शक्ति र स्रोतहरूको असमान वितरणमा प्रभाव पारेको लेखकको ठम्याइ छ । साथै, नेपालमा दलित समुदायको राजनीतिक बहिष्करणले कसरी उनीहरूलाई सामाजिक अन्याय र असमानतातर्फ धकेलिरहेको छ भन्ने विषयलाई समेत देखाएको छ ।

चौथो परिच्छेदमा उनले नेपालमा दलित आन्दोलनको ऐतिहासिक सन्दर्भ र यसका सबल/दुर्बल पक्षबारे विमर्श गरेका छन् । साथै, यस परिच्छेदमा उनले दलित आन्दोलनले आफ्ना एजेण्डा स्थापित गर्नका लागि परिचालन गरेका औपचारिक राजनीतिक संरचना, नागरिक समाज र अन्तर्राष्ट्रिय संरचनाहरूको विश्लेषण गरेका छन् । विभिन्न राजनीतिक विचारधारामा आबद्ध दलित नेतृत्व र दलित उपसमूहबीच सहकार्यको अभावले नेपाली दलित आन्दोलनले अपेक्षित उपलब्धि हासिल गर्न नसकेको उनको तर्क छ । साथै, समानता र न्यायका लागि "सामूहिक पहिचान" को राजनीति मार्फत संरचनागत सुधारमा जोड दिनुपर्ने कुरालाई समेत उनले सुझाएका छन् । साथै, दलित आन्दोलन क्रियात्मक भन्दा पनि प्रतिक्रियात्मक भएको उनको ठम्याइ छ ।

पाँचौँ परिच्छेद विद्यमान असमानताको सम्बोधनका लागि पछिल्लो राजनीतिक परिवर्तनसँगै संस्थागत सुधारका क्षेत्रमा गरिएको पहलमा केन्द्रित छ । संघीयतामा दलित समुदायको मुद्दा र त्यसको विश्लेषणसँगै हालको राजनीतिक परिवर्तन र संघीय संरचनाले दलित समुदायको अधिकारलाई पूर्ण रूपमा स्थापित गर्न नसक्ने भन्दै उनले दलित आन्दोलनले सामूहिक पहिचानको राजनीतिक बाटो अँगाल्नु पर्ने वकालत गरेका छन् ।

छैठौँ परिच्छेदमा अनुसन्धानका निचोड र सिफारिसहरू पेश गरिएका छन् । सामाजिक संरचनाका कारण दलितले दैनिक रूपमा भोग्नु पर्ने समस्या र यसको चिरफार गर्दै यस समुदायको सामाजिक न्याय, समावेशीकरण र सहभागिता स्थापित गर्नका लागि "दलित विधायिका परिषद्" जस्ता विशिष्टीकृत संस्थागत तथा निर्वाचन प्रावधान—समानुपातिक सहभागिता, आरक्षित सीट—जस्ता नीतिगत उपायको खोजी गरेका छन् । यद्यपि, त्यस्ता संस्थागत व्यवस्था र नीतिगत उपायहरूले कसरी दलित समुदायको सामाजिक न्याय, समावेशिता र सहभागिता सुनिश्चित गर्न सक्छन् भन्नेबारे उनले बाटो देखाउन सकेका छैनन् ।

अनुसन्धानका लागि गुणात्मक तथा वर्णनात्मक विधिको प्रयोग, जातीय विभेद र बहिष्करण सम्बन्धी अनुभवजन्य अन्तर्वार्ता र आलोचनात्मक पूर्व-साहित्य समीक्षाले पुस्तक पठनीय बनेको छ । यद्यपि, तथ्यगत प्रस्तुतिमा भने लेखक धेरै ठाउँ चुकेका छन् । सन्दर्भ-स्रोतको सीमित खोजीका कारण दलित सवालमा सन् २०१५ पछि भएका पछिल्ला नीतिगत अनुसन्धानलाई लेखकले समेट्न सकेका छैनन् । पुस्तकमा भएका अधिकांश जानकारी र तथ्यहरू यसअघि प्रकाशित भइसकेका अनुसन्धानको संग्रहहरूको पुनर्उत्पादन जस्तो देखिन्छ ।

छुवाछूत र जात व्यवस्थाको उत्पत्ति सम्बन्धी खण्डमा उद्धृत गरिएका १५ ओटा सन्दर्भ सामग्री मध्ये आठ ओटा सन्दर्भ सामग्री आहुतिको *नेपालमा वर्णव्यवस्था र वर्ग सङ्घर्ष* (२०६७) पुस्तकबाट मात्रै उद्धृत गरिएको छ । त्यस्तै, लेखकले दलित समुदायले दलित शब्दलाई औपचारिक नाम र पहिचानका रूपमा स्वीकार गरेको भन्दै सोही पुस्तकलाई सन्दर्भमा रूपमा उद्धृत गरेका छन्, जबकि पुस्तकमा आहुतिले दलित शब्दलाई "दलित समुदाय" को साझा नाम र परिचयको रूपमा उल्लेख गरेका छन्, न कि पहिचानका रूपमा (आहुति २०६७ : ६०) । त्यस्तै, नेपाल सरकारका त्रिवर्षीय योजनाहरूले दलितहरूको समावेशीकरण र सामाजिक तथा आर्थिक विकासलाई प्राथमिकता दिएको भन्ने अपूर्ण तथ्य समेत उनले पुस्तकमा उल्लेख गरेका छन् । यद्यपि, नेपालमा नवौँ पञ्चवर्षीय योजना (सन् १९९७–२००२) ले पहिलो पटक लक्षित कार्यक्रम मार्फत दलित समुदायलाई सामाजिक तथा आर्थिक विकासको मूल प्रवाहमा ल्याएको थियो । लेखकले दलित-लक्षित संवैधानिक तथा कानूनी प्रावधानहरूको सही कार्यान्वयन हुन नसकेको सन्दर्भमा सन् २००८ को एक अध्ययनलाई आधार मानेका छन् । तर यस सम्बन्धमा भएका पछिल्ला अध्ययन र सन् २०१५ को संविधान जारी भएपछि लागू गरिएका नयाँ कानूनी प्रावधानहरूलाई भने उनले पूर्णतः बेवास्ता गरेका छन् । त्यस्तै, शिक्षा ऐन आठौँ संशोधन (सन् २००४) भनी तथ्यगत गल्ती गरेका छन् । जबकि शिक्षा ऐन आठौँ संशोधन सन् २०१६ को जुन २९ देखि लागू भएको थियो । यस्ता तथ्यगत कमजोरीहरू पुस्तकमा अरू पनि छन् ।

विविध कमजोरीका बाबजुद पुस्तकले मूलधारको भनिने दलित आन्दोलनले विगतदेखि उठाइरहेको आत्मसम्मान र सामाजिक अन्तरघुलनको मुद्दालाई खारेज गरिदिएको छ । र, दलित समुदायको सामाजिक न्यायका लागि दलित आन्दोलन सामूहिक पहिचानको राजनीति मार्फत स्रोतको पुनर्वितरणतर्फ केन्द्रित हुनुपर्ने विकल्प दिएका छन् । वर्चस्वशाली समूहमा अन्तरघुलन र दलितपनाको विघटनले ऐतिहासिक रूपमा विद्यमान संरचनागत विभेदलाई हटाउन नसक्ने उनको तर्क छ । सत्ता सँगको शक्ति-सम्बन्धलाई प्रभाव पार्न दलित आन्दोलनले सामूहिक परिचालन मार्फत राजनीतिक शक्तिको रूपमा दलित आन्दोलनलाई स्थापित गर्नुपर्ने विषयलाई समेत लेखकले अगाडि सारेका छन् ।

पुस्तकमा लेखकले जातीय उचनीचमा आधारित सामाजिक सांस्कृतिक संरचनाका कारण दलित समुदाय राज्यका स्रोत तथा वास्तविक अवसरबाट विमुख हुनाले अपमानित भइरहेका छन् भनेका छन् । र, यस्तो अवस्थामा वर्चस्वशाली सांस्कृतिक मूल्य भित्रको समाहीकरणले मात्र दलितहरूको अपमानित पहिचानको सम्मान नहुने बताएका छन् । साथै, सामूहिक पहिचान र सकारात्मक स्व-छवि निर्माण नहुँदासम्म आत्मसम्मान प्राप्त गर्न नसकिने भएकाले दलित समुदाय सामूहिक पहिचान सहित सकारात्मक स्व-छवि निर्माणमा लाग्नुपर्ने आवश्यकता समेत लेखकले औँल्याएका छन् ।

सामूहिक अधिकारको अवधारणाले व्यक्तिगत अधिकार र स्वतन्त्रताको बेवास्ता गर्छ । समूहले प्राप्त गर्ने अधिकार त्यस समूह भित्रका सबैले समान रूपमा पाउने सम्भावना कम हुन्छ । नेपालको सन्दर्भमा पनि दलित-लक्षित कार्यक्रम र अवसरहरूमा दलित समुदायका निश्चित समूहले मात्र लाभ पाएको देखिन्छ । सामूहिक अधिकारले दलित समुदाय भित्रका २६ उपसमूहका विविध समस्याका आयामहरूलाई कसरी सम्बोधन गर्न सक्छ भन्ने विषयमा लेखक मौन छन् । यसको चित्र लेखकले अनुसन्धानका क्रममा लिएको अन्तर्वार्ताको जातीय सहभागिताले समेत पुष्टि गर्छ । जस अनुसार विश्वकर्मा ४४ प्रतिशत, नेपाली (सार्की) २० प्रतिशत, परियार १७ प्रतिशत, गन्धर्व ३ प्रतिशत, चमार १० प्रतिशत, पासवान ३ प्रतिशत र वादी ३ प्रतिशत रहेका छन् । सन् २०११ को जनगणनाअनुसार मधेसी दलित भित्रको दोस्रो ठुलो जनसंख्या (कूल दलित जनसंख्याको ७ प्रतिशत हिस्सा ओगट्ने) मुसहर समुदायलाई अन्तर्वार्तामा समेटिएको छैन ।

दलित आन्दोलन हिन्दू आस्तिक मूल्यको प्रवर्धनसँगै सहवरणको दिशामा अघि बढिरहेको देखिन्छ । र, आन्दोलनले तराई/मधेस र पहाडी दलितले भोग्दै आएको राज्यविहीनताको मुद्दालाई केन्द्रमा राखेर सम्बोधन गर्न सकेको छैन । जनै लगाएर, ब्राह्मण क्षेत्रीका थर लेखेर, मन्दिर प्रवेश गरेर ब्राह्मण क्षेत्री समान हुन सकिने सोचाइले वर्णव्यवस्था, जातीय विभेद र छुवाछूतलाई निरन्तरता दिन नै सघाएको छ । यो सवालमा अनुसन्धान पूर्णतया मौन छ (एनपीसी सन् २००३) । यद्यपि, जातीय विभेद र बहिष्करणका कारण

दलितहरूको सामाजिक-सांस्कृतिक जीवनमा पारेको प्रभाव र दलित आन्दोलनको भावी राजनीतिक कार्यदिशाबारे वैचारिक बहस कमजोर रहेको अवस्थामा दक्षिण एशियाली समाज, जात व्यवस्था र एशियाली सामाजिक नीति अध्ययनका लागि यो पुस्तक उपयोगी हुनेछ ।

दलित आन्दोलनको मुख्य समस्या हिन्दू वर्णव्यवस्थामा आधारित छुवाछूतमय विशिष्ट चरित्र भएकाले यसलाई अन्य वर्गको आन्दोलनसँग एकाकार गराउन समस्या छ भन्ने हाल सम्मको दलित आन्दोलनको मुख्य बुझाइ थियो। दलित आन्दोलनको आमूल परिवर्तनवादी धाराको रूपमा दलित समुदायको समस्यालाई वर्गीय समस्याको रूपमा कम्युनिस्ट पार्टीहरूले व्याख्या गर्दै आएका छन्। यस्तो अवस्थामा यो अनुसन्धानले दलित समुदायको मुक्तिको बाटोको रूपमा सन् १९६० को दशकदेखि नयाँ सामाजिक आन्दोलनहरूले उठाउँदै आएको पहिचानको राजनीतिलाई सैद्धान्तिक रूपमा बलियोसँग अघि सारेको छ। दक्षिण एशियाली समाजमा दलित समस्या समाधानका लागि यो अवधारणा पक्कै पनि नयाँ हुनेछ । र, सीमान्तीकृत समुदायको अधिकार स्थापित गर्नका लागि एशियाली राष्ट्रहरूमा अवलम्बन गरिएका सकारात्मक उपायहरूको नीतिगत, सैद्धान्तिक तथा व्यावहारिक पक्षबारे बुझ्नका लागि सन्दर्भ सामग्रीका रूपमा यो पुस्तक उपयोगी छ ।

## सन्दर्भ सामग्री

आहुति। २०६७। *नेपालमा वर्ण व्यवस्था र वर्ग सङ्घर्ष*। काठमाडौँ : समता फाउण्डेशन।

Fraser, Nancy. 2003. *Redistribution or Recognition?: A Political-Philosophical Exchange*. London: Verso.

NPC (National Planning Commission). 2003. Effectiveness Evaluation of the Programs Implemented for the Upliftment and Development of Neglected, Suffered and Depressed Community. Kathmandu. NPC. Available at www.npc.gov.np/images/category/Effectiveness-Evaluation-Upliftment-and-Development-of-Neglected-Suffered-Depressed-Community.pdf; accessed May 2, 2020.

Young, Iris Marion. 1990. *Justice and Politics of Difference.* New Jersey: Princeton University Press.

**शिवहरि ज्ञवाली**
स्वतन्त्र अनुसन्धाता